जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
पि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १२ • अंक २७३ • २०८२ श्रावण ७ गते बुधवार • 23 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com


## मटिहानीमा लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरतीको पाँचौ वार्षिक उत्सव तथा महाआरती कार्यक्रम सु-सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ श्रावण**



महोत्तरी जिल्लाको मटिहानी-७ स्थित धार्मिक, ऐतिहासिक एवं पौराणिक लक्ष्मी सागरमा हुँदै आएको श्री लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरती आज चार पूरा गरी पाँचौ वर्षमा प्रवेश गरेको अवसरमा श्री लक्ष्मी सागर तथा आरती ब्यावस्थापन समिति मटिहानीले आयोजना गरेको पाँचौ वार्षिक विशेष उत्सव तथा महाआरती कार्यक्रम सु-सम्पन्न भएको छ ।

श्री लक्ष्मी सागर तथा आरती ब्यावस्थापन समिति मटिहानीले आयोजना गरेको पाँचौ वार्षिक विशेष उत्सव तथा महाआरती कार्यक्रमको शुभारम्भ मधेश प्रदेश सभा सदस्य राम अशिष यादव, मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद रिसालले संयुक्त रुपमा गर्नुभएको थियो । उक्त सप्ताहिक संध्या आरती बि.सं. २०७८ साल श्रावण ५ गते देखि प्रत्येक हप्ताको बिहीबारको दिन हुँदै आएको छ । उक्त वार्षिक उत्सवका विशिष्ट अतिथि मधेश प्रदेश सभा सदस्य राम अशिष यादवले महा लक्ष्मी आरती एउटा शब्द मात्र न भई समग्र मटिहानी नगरपालिकाको समृद्धि विकास, उन्नति र प्रगतिको मन्त्र रहेको भन्दै पोखरी (सागर) मा आरती गर्नु भनेको जलको संरक्षण गर्नु हो भन्ने बिश्वास ब्यक्त गर्नुभयो । त्यसै वार्षिक उत्सव समारोह एवं महा आरती कार्यक्रममा बोल्नु हुँदै मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले रामायण कालीन इतिहास बोकेको लक्ष्मी नारायण मठ र लक्ष्मी सागर भएको यस मटिहानी गाँउको अहिले बिश्वभरी चर्चाको बिषय भएको बिचार ब्यक्त गर्दै अहिले तराई लगायत देश भरी पानीको अभावले जनजीवन कष्टकर बन्दै गएको भन्दै आज देखि देश भरी अमृत वर्षा होस भन्ने प्राथना समेत गर्नुभयो ।

त्यसै गरी महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालले यो आरतीले धार्मिक पर्यटकलाई आकर्षण गरी देश र मटिहानीको आर्थिक विकास गरी समग्र महोत्तरी जिल्ला र मटिहानीलाई राष्ट्रिय अन्तराष्ट्रीय जगतमा परिचय गराउने बिश्वाश ब्यक्त गर्नुभयो । श्री लक्ष्मी सागर तथा आरती ब्यावस्थापन समितिका अध्यक्ष बरुण मंडलको अध्यक्षतामा सम्पन्न पाँचौ वार्षिक विशेष उत्सव तथा महाआरती कार्यक्रममा मधेश प्रदेश अर्थ मंत्रालयका उप-सचिव उपेन्द्र न्यौपाने, नेपाल प्रहरी महोत्तरीका S.P. हेरम्भ शर्मा, शसस्त्र प्रहरी नं.९ गण महोत्तरीका S.P. शेरबहादुर अधिकारी, लक्ष्मी नारायण मठ मटिहानीका मान महन्थ जगरनाथ दास बैष्णब तथा उत्तराधिकारी महन्थ रबिन्द्र दास बैष्णब, मटिहानी नगरपालिकाका वड़ा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वड़ा सदस्यहरु, बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, गंगा सागर आरती जनकपुरका अध्यक्ष, बिभिन्न संघसंस्थाका प्रमुख वा प्रतिनिधिहरु लगायतका ब्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

## विभिन्न कार्यक्रम गरी ४३ औँ विपी स्मृति दिवस मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ६ श्रावण**



नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर सङ्घर्ष गरेका प्रथम जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको योगदानको स्मरण गरी ४३औं स्मृति दिवस विभिन्न कार्यक्रम गरी मनाइँदैछ । कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको थियो भने वि.सं. २०१५ को संसदीय निर्वाचनपछि २०१६ जेठमा उनी पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए । उनको वि.सं. २०३९ साउन ६ गते निधन भएको थियो ।

उनले नेपाली साहित्यका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन् । उनका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाइ', एवं 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित भएका छन् । त्यसैगरी दुई कथा सङ्ग्रह 'श्वेत भैरवी' र 'दोषी चश्मा', हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता', प्रकाशित छ । वरिष्ठ अधिवक्ता स्व गणेशराज शर्मासँगको वार्तामा आधारित 'आत्मवृत्तान्त', सुन्दरीजल बन्दी गृहमा बस्दाको दैनिकीमा आधारित 'जेल जर्नल', विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दी गृहमा लगिएपछि लेखिएको दैनिकी 'फेरी सुन्दरीजल'ले नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको छ ।

ज्ञाननिष्ठ ज्ञवालीको सम्पादनमा प्रकाशित सिसार पत्रिकामा 'साहित्यमा प्रगतिशीलता' विषयक कोइरालाको निबन्ध लगायत रचना पनि प्रकाशित छन् । विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइराला लगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइरालासहित तत्कालिन संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दी गृहमा बन्दी बनाइएको थियो । विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेल मुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताएका थिए ।

भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्किएका थिए । आज नेपाली कांग्रेस देशभर विभिन्न कार्यक्रम गरेर विपी स्मृति दिवस मनाउदैछ ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence



कोरोनाबाट बच्ने उपाय

- नियमित रुपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्वार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुपमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# किसानको समस्या हल गर

*किसानको जिम्मेवारी लिन नसक्ने राज्यले किसानलाई प्रताडित गर्ने अधिकार रहेको छैनर। यो कार्य अविलम्व बन्द गर्नुपर्ने देखिन्छ । होईन भने यस प्रकारको किसानमारा काम गर्न पाइँदैनर । भुसा, परालजस्ता हल्का सामग्री बोकेका गाडी सडकमा गुडेर कसको के बिग्रिएको हो जवाफ चाहिएको छ । नभए नीतिगत व्यवस्था गरी अत्यावश्यक सामग्रीको रूपमा सूचीकृत गरी किसानलाई सहज बनाउनु पर्ने देखिन्छ। यो वा त्यो नाममा किसानको लागत बढाउने, किसानको ढाड सेक्ने काम सबैले बन्द गर्नुपर्ने देखिन्छ । भएका किसानलाई बचाउनतिर लागौंर। यस प्रकारका घृणित कार्यले किसान पलायन बाहेक अरु केही हुन सक्दैन।*

*भेलिका दिनमा कस्तो नराम्रो, नमीठो दूध, कति महँगो दूध भन्ने अधिकार कसैलाई पनि रहने छैन, यदि देशमा दूध उत्पादन हुदैन भनेर। कि त किसान जोगाऔं नत्र आयातित पाउडर दूध खान सबै तयार होऔं। किसानले बारम्बार झेलिरहेको यस प्रकारको अनावश्यक समस्या अहिले चरम उत्कर्षमा रहेको देखिन्छर। प्रसंगवश किसानको कुरा गरिएकोमा उखु किसानप्रति राज्यबाट गरिएको अन्याय पनि सबैमा सर्वविदितै नै रहेको छर। यो समस्या समाधानका केही उपायका लागि पहल होस्र। हाल मधेश प्रदेशमा वर्षा नभएकोले किसानहरुको खेतीमा खडेरी परेको तथा सिंचाई सुविधा नभएकोले खेती गर्न असमर्थ रहेको किसानहरुको समस्या प्रति राज्यले ध्यान दिनुपर्ने आवश्यक देखिन्छ, किसानको समस्या सुन्ने र समस्याको हल निकाल्ने राज्य दायित्व रहेको छ।*

# लामो समयदेखि वर्षा नहुँदा सप्तरीमा धान रोपाइँ प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ६ श्रावण**



लामो समयदेखि वर्षा नहुँदा सप्तरीमा धान रोपाइँ प्रभावित भएको छ। साउन महिनाको पहिलो साता बित्न लाग्दा पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित हुनुका साथै उत्पादन घट्ने जोखिम पनि बढाएको हो। साउनको पहिलो सातासम्ममा जिल्लामा मात्र ३२ प्रतिशत धान रोपाइँ भएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ।

आकासे पानीको भरमा खेतीपाती गर्दै आएका किसानले वर्षा नभएकै कारण रोपाइँ गर्न सकेका छैनन् भने बोरिङ र मोटरको प्रयोगबाट सिँचाइ गरेर रोपिएको खेतमा पनि धान सुक्न थालेका छन्। जिल्लाको १८ वटा पालिकामध्ये दक्षिणी भेगका हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र राजगढ गाउँपालिकामा ६० प्रतिशत धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले जानकारी दिनुभयो।

उहाँले सप्तरीको दक्षिणी भेगमा पश्चिमी कोशी नहरको सिँचाइ पुगेका जग्गामा ६० प्रतिशत, मध्य भागमा कोशी पम्प नहरको सिँचाइ पुगेका जग्गामा ३२ प्रतिशत र उत्तरी भेगमा बोरिङ मोटरको प्रयोगबाट सिँचाइ गरी १५ प्रतिशत धान रोपाइँ भएको बताउनुभयो। "जिल्लाभरिको अवस्था हेर्दा औसतमा ३२ प्रतिशत मात्र धान रोपाइँ हुन सकेको छ," राउतले भन्नुभयो। गत वर्ष सप्तरीमा दुईलाख ७४ हजार एक सय ७६ मेट्रिकटन धान उत्पादन भएको थियो। यहाँ कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा रहेकोमा ६८ हजार हेक्टरमा धान रोपाइँ हुँदै आएको थियो। धान रोपाइँ ढिलो हुनुका साथै सिँचाइको अभावले गर्दा उत्पादनमा समेत असर पर्ने देखिएको छ। यसले खाद्य सङ्कटको सम्भावना बढाएको किसानहरुले बताएका छन्।

यता गत असार २६ गते मधेश प्रदेश सरकारले मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। तर अहिलेसम्म केही स्थानमा खानेपानी वितरण गर्नुबाहेक किसानका लागि कुनै योजना वा राहत ल्याउन सकेको छैन। मधेश सरकारले किसानको सवालमा विज्ञहरुसँग छलफल गरिरहेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले जानकारी दिनुभयो। उहाँले साउन १५ सम्म वर्षा नभए धान रोपाइँको सम्भावना सकिने भएकाले किसानका लागी वैकल्पिक बाली र राहत प्याकेजको सन्दर्भमा विज्ञहरुसँगै सङ्घीय सरकारसँग पनि समन्वय गर्ने कार्य भइरहेको बताउनुभयो।

# ठुलो परिमाणमा लागु औषध गाँजा बरामद




**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ६ श्रावण**

रौतहट प्रहरीले ठुलो परिमाणमा लागु औषध गाँजा बरामद गरेको छ। विशेष सूचनाको आधारमा चलाइएको जाँचबाट प्रहरीले ठुलो परिमाणमा आज लागु औषध गाँजा बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार जिल्लाको गरुडास्थित झाझ खोला नजिकबाट प्रहरीले नेपाली नम्बरको ब्रेजा कारबाट आज गाँजा बरामद गरेको हो। चन्द्रनिगाहपुरबाट गौरतर्फ आउँदै गरेको ग३च ६८९६ नम्बरको ब्रेजा कारबाट प्रहरीले लागु औषध गाँजा बरामद गरेको जानकारी दिएको छ। इलाका प्रहरी कार्यालय गरुडाको टोलीले जाँच गर्न कार रोक्न खोज्दा कार चालकले गाडी लिएर भाग्न थालेपछि प्रहरीले पछ्याउँदै जाँदा गाँजा बरामद गरेको हो।

रौतहट प्रहरी प्रमुख नेत्रमणि गिरीका अनुसार अहिले गाडीबाट गाँजा निकाल्ने काम भइरहेको छ, त्यो सबै काम सकिएपछि पत्रकार सम्मेलन मार्फत सबै यथेष्ट जानकारी दिइनेछ। उनका अनुसार ब्रेजा कारमा लागु औषध लिएर सदरमुकाम गौरतर्फ जाँदै गरेको सूचना गरुडा प्रहरीमा आएको थियो।



## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: शुभ कार्यको शुरुवात
तुला: मनमा पछुतो आउने
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: लामो यात्राको योग छ
कूम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# युरोप र मध्यपूर्वमा भीषण गर्मीको लहर: तापक्रम उकालो, पानीको सङ्कट र डढेलोको जोखिम

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ श्रावण



युरोप र मध्यपूर्वका धेरै देशहरू यस हप्ता अत्यन्त भीषण गर्मीको लहर सँग जुझिरहेका छन्, जसले विश्वव्यापी रूपमा नयाँ गर्मीको लहरको चेतावनी दिएको छ।

यो चर्को गर्मीले विभिन्न जलवायु सङ्कट निम्त्याएको छ। राष्ट्रिय मौसम विज्ञान सेवाका अनुसार, इरानको राजधानी तेहरानमा आइतबार तापक्रम ४० डिग्री सेल्सियस पुगेको छ र यो वर्षको सबैभन्दा तातो हप्तामा ५० डिग्री सेल्सियसभन्दा माथि पुग्ने अनुमान गरिएको छ। तेहरानको पानी प्राधिकरणले राजधानीलाई पानी आपूर्ति गर्ने बाँध भण्डारहरू 'एक शताब्दीकै सबैभन्दा तल्लो स्तरमा' पुगेको चेतावनी दिँदै बासिन्दाहरूलाई कम्तीमा २० प्रतिशतले पानी खपत घटाउन आग्रह गरेको छ। तेहरानबाट करिब ३,५०० किलोमिटर पश्चिममा रहेको ग्रिसको राजधानी एथेन्स ले पनि यस गर्मीको पहिलो लामो गर्मी लहर सहन गरिरहेको छ। उत्तरी अफ्रिकाबाट आउने तातो हावाको मात्रा यस गर्मीको सुरुमै आइपुगेको छ र ग्रिस तथा बाल्कनमा तातो गुम्बज बनेको छ। यसले तापक्रमलाई मौसमी मानकभन्दा १० डिग्री सेल्सियस माथि धकेलेको नेसनल अब्जर्भेटरीले बताएको छ। यस हप्ता औसत उच्च तापक्रम ३८ डिग्री सेल्सियस नजिक पुग्ने र केही क्षेत्रमा ४४ डिग्री सेल्सियसमा पुग्ने पूर्वानुमानका साथ ग्रिक दैनिक द नेसनल हेराल्डले अवस्थालाई 'नरकभन्दा तातो' भनेर वर्णन गरेको छ।

# नेप्सेमा उच्च अङ्कको वृद्धि: बजार पुँजीकरण ४९ खर्ब ६२ अर्ब नाघ्यो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ श्रावण



नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आज उच्च अङ्कको वृद्धि सँगै कारोबार रकम पनि बढेको छ। नेप्से परिसूचक ८०.९७ अङ्कले बढेर २,९७३.७० बिन्दुमा कायम भएको हो, जुन २.७९ प्रतिशतको वृद्धि हो।

आज नेप्सेमा ३१९ कम्पनीको ४ करोड ३५ लाख ८१ हजार २२८ कित्ता शेयर १ लाख ७७ हजार १०१ पटक खरिदबिक्री हुँदा २० अर्ब ८ करोड ५३ लाख ६७ हजार २९३ रुपैयाँ बराबरको कारोबार भएको छ। आजको कारोबार पछि बजार पुँजीकरण ४९ खर्ब ६२ अर्ब १२ करोड रुपैयाँ नाघेको नेप्सेले जनाएको छ। आज सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह ४.६३ प्रतिशत, जीवन बीमा समूह ४.३६ प्रतिशत, र लघुवित्त समूह ४.०७ प्रतिशतले बढेका छन्। यस्तै, बैंकिङ २.१० प्रतिशत, विकास बैंक २.२६ प्रतिशत, वित्त १.९४ प्रतिशत, होटल तथा पर्यटन ३.४४ प्रतिशत र जलविद्युत् समूह १.९० प्रतिशतले बढेको छ।

लगानी ३.३४ प्रतिशत, म्युचुअल फन्ड ०.५६ प्रतिशत, निर्जीवन बीमा २.५६ प्रतिशत, व्यापार १.०१ प्रतिशत र अन्य समूह ३.२६ प्रतिशतले बढेको नेप्सेको तथ्यांकमा उल्लेख छ। आजको कारोबारमा ट्रेड टावर लिमिटेड, शिवम् सिमेन्ट लिमिटेड, सान्भी इनर्जी लिमिटेड लगायतका कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने एलबीबीएल डिबेन्चर-२०८९ ३.९४ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ७१ करोड ८८ लाख ८५ हजार ७४५ रुपैयाँ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सनराईज फोकस्ड इक्विटी फन्डको २२ लाख ३७ हजार ३९५ कित्ता शेयर खरिदबिक्री भएको छ।

# २५ वर्षपछि म्युजिक भिडियोमा देखिँदै रेखा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ श्रावण






अभिनयको २५ वर्ष लामो करियरमा गायक आनन्द कार्कीको चर्चित गीत 'लाग्छ मन हेरिरहूँ' गीतको एकमात्र म्युजिक भिडियो अभिनय गरेकी अभिनेत्री रेखा थापा फेरि भिडियोमा देखिने भएकी छन्। उनी प्रकाश सपुतको कम्पोजिसन तथा निर्देशनमा तयार भएको 'नाइँ भनेसि नाइँ' बोलको भिडियोमा देखिन लागेकी हुन्।

नेपालको पहिलो महिला सुपरस्टारको रूपमा परिचित उनले 'नाइँ भनेसि नाइँ'को भिडियो अभिनय समेत गरिसकेकी छन्। जुन केही दिनमा सार्वजनिक हुँदैन। सपुतले तीजलाई लक्षित गरेर निकालेको यस गीतको विषयवस्तुका कारण आफू म्युजिक भिडियोमा देखिन तयार भएकी भएको रेखाले बताइन्। 'नाइँ भनेसि नाइँ' बोलको गीतले एउटी बालिका, युवती, महिला र समस्त आमाहरूको आत्मसम्मानको विषय उठाएकोले म यो गीत गर्न तयार भएकी हुँ', रेखाले भनिन्, 'विगतमा पनि म समस्त छोरीहरूको सवालमा, उनीहरूको पक्षमा सधैं नै उभिँदै आएकी छु।'

गायक हुँदै फिल्मका निर्माता, लेखक तथा निर्देशकसमेत बनिसकेका प्रकाश सपुतले गत वर्ष 'वसन्त' फिल्मका कारण तीजको छेकोमा गीत निकाल्न नसकेको बताउँदै, यो गीतको कन्सेप्ट तयार हुँदा नै रेखा थापालाई सोचेर बनाइएको बताए। प्रकाशले यो 'नाइँ भनेसि नाइँ' गीतका लागि ५-७ वटा मेलेडी बनाएको जानकारी दिए। गीतमा गायिका एलिना चौहान तथा समीक्षा अधिकारीले स्वरले दिएका छन्।

# लिभरपुलमा फ्रान्सेली स्ट्राइकर इकिटिके

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ श्रावण



लिभरपुलले सोमबार इन्ट्राक्ट फ्र्यांकफर्टका स्ट्राइकर हुगो इकिटिकेलाई भित्र्याउने विषयमा सहमति जनाएको छ।

समाचारहरूमा जनाइए अनुसार उनको सरुवा रकम ९ करोड २० लाख डलर रहेको छ। न्युक्यासलले स्विडेनका स्ट्राइकर एलेजान्डर इसाकलाई बिक्री गर्न अस्वीकार गरेपछि प्रिमियर लिग च्याम्पियन लिभरपुलले आफ्नो ध्यान त्यहाँबाट मोड्दै इकिटिकेमा लगाएको थियो। लिभरपुलले इसाकमाथि १२ करोड भाउ लगाउदै न्युक्यासल सामु प्रस्ताव राखेको थियो, तर न्युक्यासलले उनको मूल्य १५ करोड हाराहारी राखेपछि लिभरपुलले इसाकको विकल्प हेरेको हो। युरोपको एउटा ठूलो युवा प्रतिभालाई लिन न्युक्यासल र म्यानचेस्टर युनाइटेडले पनि इच्छा देखाएका थिए। तर अन्तमा लिभरपुलले बाजी मारेको थियो। लिभरपुलले इसाकलाई प्रस्ताव राखेपछि आफ्नो प्रमुख स्ट्राइकर सरुवा भएमा न्युक्यासलले पनि विकल्पमा इकिटिकेलाई नै राखेको थियो। तर इसाकलाई बिक्री नगर्ने अडान न्युक्यासलले राखेपछि लिभरपुलको पहिलो रोजाइ इकिटिके बनेको थियो। फ्रान्सका २३ वर्षे इकिटिकेका लागि लिभरपुलले अर्को १ करोड पाउन्ड खर्च गर्नुपर्ने हुन्छ।

उनले राम्रो खेलेमा र लिभरपुलले सफलता हात पारेमा इकिटिकेको सरुवा रकम बढ्ने छ। लिभरपुल अहिले प्रि-सिजनका लागि एसियामा छ। इकिटिकेको सरुवा प्रक्रिया पूरा भएमा उनी पनि लिभरपुलको टोलीमा समावेश हुन एसिया लाग्नेछन्।





अनुरोधकर्ता
सबैला नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
नगराईन नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# माओवादी किन खुम्चियो ?




-शान्ति प्रक्रियापछि नेपाली राजनीति माओवादीको एजेन्डा वरिपरि घुमिरहेको छ। जति उपलब्धि भएका छन् मूलतः माओवादीकै भूमिकाले भएका छन्। जे जति समस्या छन् मूलतः माओवादीकै भूमिका नपुगेका कारण विद्यमान छन्। माओवादीले राम्रो काम गर्‍यो जनताले अधिकार पाए, माओवादीले नराम्रो काम गर्‍यो जनताले प्राप्त गरेका अधिकार संकुचित भए। राम्रो काम गर्दा, पार्टी शक्तिशाली र ठूलो भयो। नराम्रो काम गर्दा, सानो भयो। पार्टी भनेको विचार, नीति र विधि हो। विचार, नीति र विधि सही हुँदा माओवादी शक्तिशाली भयो।

मार्क्सवादका आधारभूत मान्यतालाई दरोसँग आत्मसात् गर्न नसकेका बेला कमजोर भयो। विचारधारा सही र गलत हुनुले नै सबै कुराको फैसला गर्छ। विचार सही छ भने प्राप्त नभएको चिज पनि प्राप्त हुन्छ, विचार गलत छ भने प्राप्त भएको चिज पनि गुम्छ भन्ने माओको निष्कर्ष यसै विषयसँग सम्बन्धित छ। यसलाई मध्यनजर गरेर माओवादी गम्भीर आत्मसमीक्षातिर छ। माओवादीले विगतका कमीकमजोरी स्विकारेको छ र सच्याउन पहल गर्दै छ। पछिल्लो पटक अठार महिना अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व गर्दै गर्दा भ्रष्टाचारविरुद्ध, सुशासन र सामाजिक न्यायको पक्षमा ठोस काम गरेपछि एमाले र कांग्रेसकै कित्तामा दर्ज हुने खतराको सूचकबाट बाहिर निस्केको छ। नेता-कार्यकर्तासँगको संवाद, तराई-मधेश जागरण अभियान र मध्यपहाडी जागरण अभियानमार्फत जनतासँग सम्बन्ध विस्तार गरेको छ। यसको ध्येय रूपान्तरणसहित नयाँ कार्यदिशा निर्माण गर्नु हो। यो काम निकै कष्टसाध्य छ तर असम्भव भने छैन। युद्धकालमा माओवादीले कैयौं साना-ठूला कमजोरीका बाबजुद विचार, नीति र विधिको विकास गरेर कैयौं राम्रा काम गर्‍यो, कतिपय सन्दर्भमा असाधारण सफलता पनि प्राप्त गर्‍यो। विश्व, देश, जनता र पार्टीको समग्र पक्षको आकलन गरेर जनयुद्धमा होमिएको माओवादीले बदलिएको राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिको समुचित आकलन गरेरै चुनबाङ बैठकमार्फत युद्धलाई शान्तितर्फ मोड्यो। त्यतिबेला पार्टीलाई एकताबद्ध मात्र राखेन, गुणात्मक परिणामसमेत निकाल्यो। शान्ति सम्झौतापछि भने माओवादी विचार, नीति र विधिको बहसबाट अलगियो। दैनिकी काममा अल्झिएर स्वार्थ केन्द्रित बहस चल्दै जाँदा विरोधी र अवसरवादीहरूको घेराबन्दीमा फस्यो। संविधानसभा निर्वाचनमा अपार जनसमर्थन प्राप्त गर्‍यो, तर पार्टीलाई विभाजनबाट बचाउन सकेन, संविधान पनि बनाउन सकेन। पहिलो संविधानसभामा प्रत्यक्षतर्फ २४० मध्ये १२० सिट जितेको पार्टी दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ २६ सिटमा खुम्चियो। त्यसपछि पनि निरन्तर खुम्चिन पुग्यो। कुन विचार, नीति र विधिगत त्रुटिका कारणले माओवादी खुम्चियो भनेर गम्भीर शल्यक्रिया आवश्यक छ। प्रधान र निमित्त कारण: १. पहिलो संविधानसभामा माओवादीलाई सहरमा अपार जनसमर्थन थियो। २०६४ चैत २२ मा एमालेको किल्ला बिर्तामोडमा सम्पन्न सभामा उर्लेको मानव सागर अद्‌भुत थियो। झापामा माओवादीले पाँच सिट जितेको थियो। काठमाडौंका जनताले अध्यक्ष प्रचण्डलाई विजय गराएर जनयुद्धको अनुमोदन गरेका थिए।

काठमाडौंमै झक्कु सुवेदीको विजय चामत्कारिक थियो। काठमाडौं र झापालगायतका जिल्लाका जनतामा माओवादीप्रति आशा र विश्वास थियो। मजदुर, निम्न पुँजीवादी र मध्यम वर्ग माओवादीका प्रशंसक थिए। उपरोक्त परिघटनाको संकेत बुझ्न नसक्नु माओवादीको गम्भीर विचलन थियो। समाजवादी कार्यदिशाको हिसाबले संविधानसभाबाट संविधान जारी भएपछि माओवादी सहरमा बलियो र गाउँमा सापेक्षिक कमजोर हुनुपर्ने हो। तर विडम्बना २०७९ को संसदीय निर्वाचनमा काठमाडौं उपत्यकामा संघ र प्रदेशमा एक सिटमा पनि विजय हासिल गर्न सकेन। संविधानसभाको पहिलो बैठकले गणतन्त्रको घोषणा गरेपछि समाजवादको आधारभूमि सहर र मजदुर वर्गलाई कामको केन्द्र भागमा राख्नुपर्नेमा जनयुद्धकालीन ग्रामीण क्षेत्र र किसान नै केन्द्र भागमा रहे। श्रमिक, निम्न-पुँजीपति र मध्यम वर्गबाट पार्टी बिस्तारै टाढिँदै गयो। विचारको स्रोतबाटै माओवादी विमुख भयो। २. कम्युनिस्ट पार्टी सर्वहारा वर्गको अग्रदस्ता हो। सदस्य पार्टीको जग हो। कम्युनिस्ट पार्टीमा कमिटीमा संगठित हुने, जिम्मेवारी पूरा गर्ने, अनुशासन पालना गर्ने र लेबी नियमित तिर्ने व्यक्ति मात्र पार्टी सदस्य हुन योग्य मानिन्छ। तर रुसी मेन्सेभिकले जस्तै माओवादीले असाध्य खुकुलो नीति अपनायो। नेताहरूले नै सदस्यता शुल्क र लेबी जम्मा गरिदिएर पार्टी सदस्य बनाइयो। सदस्य बन्नेलाई समेत थाहा नदिई पार्टी सदस्य बनाइने विकृति देखियो। पार्टी सदस्यताको ओझ र गरिमाको उपहास गरियो। अवसरवादी मापदण्डअनुसार पार्टी सदस्य बनाएपछि पार्टी अवसरवादी हुने नै भयो। ३. उत्तराधिकारीको सवालमा पार्टीमा भ्रमपूर्ण सोचाइको बोलवाला रह्यो। तीनथरी सोचाइ देखापरे। पहिलो, नेतृत्वले उत्तराधिकारी घोषणा गरेपछि योग्य नेतृत्व तयार हुने। दोस्रो, नेतृत्वको विरोध गर्‍यो भने वैकल्पिक नेतृत्व स्वतः तयार हुने।

तेस्रो, नेतृत्वको भक्तिभाव गरेपछि उत्तराधिकारी स्वतः हुने। यस प्रकारका भ्रमपूर्ण सोचाइको कारणले आज उत्तराधिकारीको खडेरी परिरहेको छ। माओवादीमा नेता बग्रेल्ती छन्, तर कार्यकर्ताले प्रचण्डपछिको नेता देखेका छैनन्। प्रचण्ड स्वयंलाई पनि भन्न गाह्रो छ। उत्तराधिकारी दुई तरिकाले तयार हुन्छन्। पहिलो, मुख्य नेतृत्व सही छ भने नेतृत्वको जहाँजहाँ भूमिका पुग्दैन त्यहाँ त्यहाँ उभिएर अप्ठ्यारो टार्ने काम जसले गर्छ, ऊ उत्तराधिकारी बन्छ। जस्तै, मार्क्सको भूमिका जहाँ पुग्दैन थियो, त्यहाँ एंगेल्स उभिनुभयो।


साभार : कान्तिपुर।


पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस्।




सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
हंसपुर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
कमला नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday